फोन नं.: ०२४-४१००४८ (अध्यक्ष), ०२४-४१००४९

# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मेदिबुङ, थर्पु,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७४/०७५
च.नं.

मिति : २०७५/०३/३०

विषय :- **माछा संकलन सम्बन्धी १५ दिने सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७५/०३/३०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयले आ.व. २०७५/०७६ को लागि ***तिते माछा तथा अन्य माछा*** संकलन गर्नु पर्ने हुँदा इच्छुक नेपाली नागरिक वा सघंसंस्थाबाट तपशीलको शर्तहरुको अधिनमा रही शीलबन्दी दरभाउपत्र पेश गर्नु हुन १५ दिने सूचना सम्बन्धित सबैका जानकारीका लागि प्रकाशित गरिएको छ ।

**शर्तहरु-**

१. शीलबन्दी दरभाउपत्रको फारम नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी/दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न निवेदन साथ यस कार्यालयको राजश्व शाखाबाट रु १०००।०० (अक्षरेपी एक हजार मात्र) फिर्ता नहुने गरी बुझाई खरिद गर्न सकिनेछ ।
२. ठेक्काको न्यूनतम रकमरु १,५०,०००।०० (अक्षरेपी एक लाख पचास हजार मात्र) कायम गरिएको र बढाबढ बोलकबोलको अधिकतम रकमलाई प्रभावग्राहि ठहर गरिनेछ ।
३. कबोल अंकको सम्झौत गर्नु अगावै अग्रिम रुपमा बुझाएमा कबोल अंकको १० प्रतिशत छुट हुनेछ किस्तामा बुझाएमा पहिलो किस्ता कुल अंकको ४० प्रतिशत दोस्रो र तेस्रो किस्ता ३०-३० प्रतिशत पर्ने छ । अन्यथा कार्यादेश दिइने छैन ।
४. दरभाउपत्र सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र खरिद गरिसक्नु पर्ने छ । उक्त दरभाउपत्र १६ औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ र दाखिला भएका दरभाउपत्र सोही दिनको २:०० बजे खोलिने छ ।
५. शीलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नाममा नेपाल बैङ्क लि. फिदिममा रहेको धरौटी खाता नं.०६७०३०००००००३००००५ वा याङवरक गाउँपालिका थर्पुमा रहेको सप्तकोशी बैंक लि. खाता नं. ०१००००००२७००१ मा जम्मा गरेको भौचर संलग्न गर्नुपर्ने ।
६. ठेक्कासम्बन्धी तिर्नुपर्ने सम्पूर्ण कर दस्तुर ठेक्का लिने व्यक्तिले नै तिर्नु पर्नेछ ।
७. ठेक्का अवधि आ.व. ०७५/०७६ भित्रमात्र हुनेछ ।
८. बन्द, हड्ताल वा अन्य कुनै पनि कारणले राजश्व अशुली कार्यमा बाधा भएमा सोको क्षतिपुर्ति गाउँपालिका दिन बाध्य हुनेछैन ।
९. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
१०. ठेक्का लिने व्यक्ति, संघसंस्थाले गाउँपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर दस्तुर तिरेको हुनु पर्नेछ ।
११. माछा संकलन गर्दा नेपाल सरकारबाट प्रतिवन्ध लागाइएका उपकरण प्रयोग गर्न पाइने छैन । जस्तै कडा विषाधि करेट लगाउन पाईने छैन ।
१२. माछा संकलन याङवरक गाउँपालिका भित्र पर्ने निम्न स्थानहरुबाट संकलन गर्न पर्नेछ ।

| वडा नं. | स्थान | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|
| १ | नागदह, कैजले, मोरुङ्गा, मेवाखोला | २००००।० | |
| २ | इवाखोलाको दक्षिणपटि र फलैचा आसपासका खोला | ७००००।० | |
| ३ | इवाखोलाको दक्षिणपटि ओयाम खण्ड | १००००।० | |
| ४ | इवाखोलाको दक्षिणपटि, सिवा दोभान | २००००।० | |
| ५ | धमिलेदह, लुम्मागु कावेलि खोलाको दक्षिणपटि | १००००।० | |
| ६ | कावेलि खोलाको दक्षिणपटि नागी खण्ड | २००००।० | |
| जम्मा | | १५००००।० | |

१३. गाउँपालिकालाई कर दायित्व तथा बक्यौता बुझाउन बाँकी रहेको कुनै पनि व्यक्ति, संघसंस्थाले सहभागि हुन पाउने छैन ।
१४. बुदा नं. १२ मा उल्लेखित क्षेत्रको छुट्टा छुट्टै ठेक्का बढाबढ बोल कबोल गर्न पाईने छ ।

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

"जल, जंगल, कृषि, पर्यटन याङवरकको पहिचान, उज्यालो-समृध्द याङवरक हाम्रो अभियान"

email : yangwarakruralmun@gmail.com,website : www.yangwarakmunpanchthar.gov.np